हे अल्लाहका रसूल! हामी जिहादलाई सबैभन्दा राम्रो कार्य मान्दछौं, त्यसोभए के हामीले जिहाद गर्नु हुँदैन? उहाँले जवाफ दिनुभयो: "होइन, तर सबैभन्दा राम्रो जिहाद (तिम्रो लागि) हज मबरुर (स्वीकृत हज) हो ।

उम्मुल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छन्, उनले सोधिन्, हे
अल्लाहका रसूल! हामी जिहादलाई सबैभन्दा राम्रो कार्य मान्दछौं, त्यसोभए के हामीले जिहाद गर्नु हुँदैन? उहाँले जवाफ दिनुभयो: "होइन, तर सबैभन्दा राम्रो जिहाद (तिम्रो लागि) हज मबरुर (स्वीकृत हज) हो ।" [सही] [बुखारीले वर्णन गरेका छन्]

सहाबा (रजियल्लाहु अन्हुम) ले अल्लाहको खातिर जिहाद गर्नु र शत्रुहरूसँग लड्नुलाई सबै भन्दा उत्तम कर्म मान्थे । त्यसैले आइशा (रजियल्लाहु अन्हा) ले नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई जिहादमा भाग लिन अनुरोध गरिन् । उहाँले महिलाहरूको लागि सबैभन्दा राम्रो जिहाद हज मबरुर हो भनेर मार्गदर्शन गर्नुभयो । कुर्आन र सुन्नत अनुसार गरिएको र पाप तथा पाखंडबाट मुक्त रहेको हजलाई; हज मबरुर भनिन्छ ।

https://sunnah.global/hadeeth/ne/show/2759